# कटारीनगरपालिका

Katari Municipality

# नगर कार्यपालिकाको कार्यालय

Office of Katari Municipal Executive

कटारी, उदयपुर

Katari,Udayapur

स्था.२०७१

१ नं. प्रदेश, नेपाल

Province No. 1, Nepal

EST. 2071


**शिक्षा शाखा**

पत्र संख्या(Ref.No)०७९/०८०

च.नं.(Dispatch No.) :- ६२३

मिति(Date) :-२०७९।५।२७

**विषयः-पुनः सूचना प्रकाशन गरिएको बारे ।**

श्री मयाँखु सामुदायिक अध्ययन केन्द्र कटारी -१३

श्री सिरिसे सामुदायिक अध्ययन केन्द्र कटारी -८

श्री परिवर्तन सामुदायिक अध्ययन केन्द्र कटारी -७

श्री त्रिवेणी सामुदायिक अध्ययन केन्द्र कटारी -२

कटारी नगरपालिका,उदयपुर ।

प्रस्तुत विषयमा यस कार्यालयको च. नं. ३८४ मिति २०७९।४।३० को पत्रबाट माग गरिएको विवरण हालसम्म प्राप्त हुन नआएकाले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । पूर्व प्रकाशित सूचना अनुसार माग गरिएको विवरण सहितको कागजात यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात संलग्न राखी पेश गर्न हुन यो सूचना पुनः प्रकाशित गरिएको छ । उक्त म्यादभित्र आवश्यक कागजात पेश नभएमा नियमानुसार आवश्यक कार्वाही भइ जाने ब्यहोरा अवगत गराइन्छ ।

**तपसिल**

१.केन्द्रको कार्यक्रम निर्माण, योजना तर्जुमा,कार्यक्रम व्यबस्थापन तथा कार्यान्वयन गर्न र केन्द्रको व्यवस्थापन पक्षमा नीतिगत निर्णय गर्न साधारण सदस्यको भेलाले छनौट गरेको सातदेखि नौ सदस्यीय समावेशी प्रकृतिको एक व्यवस्थापन समिति रहनेछ

२.केन्द्रको व्यवस्थापन समितिका अध्यक्ष लगायत अन्य पदाधिकारीको छनौट प्रक्रिया,विधि, पद निर्धारण सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

३.व्यवस्थापन समिति छनौट गर्दा देहाय बमोजिमका व्यक्तिहरुमध्येबाट अध्यक्ष लगायतका पदाधिकारी छनौट गर्नुपर्नेछ ।

क.केन्द्रको सेवा क्षेत्रभित्रका साधारण सदस्यको भेलाले छनौट गरेका शिक्षाकर्मी वा शिक्षाविद मध्येबाट

ख.सम्बन्धित स्थानीय तहका शिक्षा इकाइका प्रतिनिधिमध्ये स्थानीय तहले मनोनयन गरेका व्यक्ति मध्येबाट

ग.केन्द्र रहेको समुदाय वा स्थानमा अवस्थित सबैभन्दा माथिल्लो कक्षा संचालित सार्वजनिक विद्यालयका प्र.अ मध्येबाट

घ.केन्द्रको सेवा क्षेत्रभित्रका अनौपचारिक शिक्षा विशेषज्ञ वा अभियन्ता मध्येबाट

ङ.केन्द्रको सेवा क्षेत्रभित्रका दलित र महिला शिक्षाविद वा शिक्षा अभियन्ता मध्येबाट

साथै व्यबस्थापन समितिका अध्यक्ष लगायतका अन्य पदाधिकारीहरु माथिका विवरणहरुको आधारमा नगर कार्यपालिकाले समावेशी सिध्दान्त बमोजिम छनौट गरिने जानकारी पनि गराइन्छ ।

अनिल किराती

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत